# जालन्धरी राजा

-डा. राजाराम सुवेदी

नेपाली लोक जीवनमा जालन्धरीको नाम पहिलेदेखि सुनिंदै आएको छ। जालन्धरी शब्द चाहे कुनै राजा, महाराजा, पराक्रमी पुरुष, दैत्य, जालैजाल, जालन्धर क्षेत्रको वासिन्दा, ज्वालाजीको शासक, आगो जस्तो रापिलो, जालैजाल बिछ्याउन सक्ने, जालीभन्दा पनि महाजाली, चाहे जाल तोड्न सक्ने रूपमा भए पनि पहिचान भएको छ। शब्दकोशमा जालन्धरीको अर्थ टुनामुना जान्ने झाँक्री भन्दा ठूलो व्यक्ति विशेषलाई संकेत गरिएको छ । भैरवका उपासकलाई पनि जालन्धरी भनिन्छ। तर जालन्धरी राजा भनी कसलाई भनेको हो, त्यसको निक्योंल हुन बाँकी नै छ । त्यही सिलसिलामा प्रकाशित अप्रकाशित एवं स्थानीय लोक इतिहासका आधारमा त्यो कुराको छानविन यस लेखनमा गर्ने चेष्टा राखिएको छ ।

भारतको पञ्जाब प्रान्त अन्तर्गत एक प्रसिद्ध नगरको नाम जालन्धर राखिएको छ। सतलज र व्यास नदीको अन्तरालमा होसियारपुरदेखि दक्षिण पूर्वतर्फ जालन्धर पर्दछ । वि.सं. १८४७ देखि १८७२ सम्म नेपालको विस्तार व्यास नदीसम्म ठोकिंदा दक्षिणी सिमाना जालन्धर परेको थियो । वर्तमान नेपालका धेरैजसो ब्राह्मण र क्षेत्रीयको आदिस्थल जालन्धर रहेको कुरा विभिन्न वंशावलीबाट थाहा पाइन्छ। उदाहरणको लागि जालन्धर र शंखद्वारबाटै कुशाभट्ट नामक विद्वान्ले मुसलमानी आक्रमणबाट धर्मरक्षार्थ हिमालयतिर पसेको कुरा भारद्वाज गोत्रीय ब्राह्मण, क्षेत्रीय, वैश्य र शुद्रको वंशावलीबाट खुल्दछ । एकपटक जालन्धर प्रदेशको शक्ति विस्तार भएकोले पञ्जाव, काँगडा, गढवाल र कुमाउँ प्रदेशलाई एकै शब्दमा जालन्धरे भनिन्थ्यो । उदाहरणको लागि कोशाम्व प्रदेशका निवासीलाई कौशाम्वी, पञ्जाव निवासीलाई पञ्जावी, नेपालकालाई नेपाली, जुम्लावासीलाई जुम्ली, कुमाउँवासीलाई कुमाउनी, र जालन्धर निवासीलाई जालन्धरी भनिनु असान्दर्भिक कुरा भएन। प्राचीनकालमा बडा शक्तिशाली भएका किरातहरूको टक्कर आर्यजातिसंग पर्नगयो । लामो संघर्षपश्चात् किरातहरू यत्रतत्र छरिएर विभिन्न समूहमा विभाजित भए । ई.पूर्व बाह्रौं शताब्दीमा किरातको एक जत्था जालन्धर क्षेत्रमा बसोवास गरेको हुँदा किरातलाई पनि जालन्धार वा जालन्धरी भन्न थालियो। त्यो जालन्धरी किरातजाति जालन्धर क्षेत्रबाट बाहिर जाँदा पनि उनीहरू जहाँ बसे त्यो ठाउँ नै

जालन्धर रहन गयो। त्यही जालन्धर नामका आधारमा जालन्धरी जाति भएको र जालन्धरी जातिको राजालाई जालन्धरी राजा भनिएको कुरातर्फ विद्वान्हरूले निर्देशन गर्दछन् ।[१] सतलज उपत्यकाको पूर्वतर्फ पर्ने कर्णाली प्रदेशलाई समेत उपर्युक्त आधारबाट जालन्धर प्रदेश भनिन्थ्यो। आजकाल पनि कर्णाली प्रदेशलाई जालन्धर प्रदेश भनिंदै आएको छ। पहिले जुम्ला राज्यलाई पनि जालन्धर राज्य भनिन्थ्यो । त्यसैले हिमवत्खण्डको पश्चिमी खण्डलाई जालन्धर भनिने कुरा बुझिन्छ । जालन्धर प्रदेश अन्तर्गत नेपाल, कुमाउँ, गढवाल, सिमला र काश्मिर गरी जम्मा पाँचवटा खण्डलाई हिमवत्खण्ड भनिन्छ र त्यही नै जालन्धर देश रहेको बुझिन्छ ।[२]

स्कन्दपुराणको केदारखण्ड कार्तिक महात्म्य अन्तर्गत स्वस्थानीदेवीको ब्रतानुष्ठानमा मर्त्यलोकका जालन्धरी राजाले कैलाशवासी भगवान् शंकरको अर्द्धाङ्गिणी पार्वतीको शतित्व डगाउने प्रयास गरेको प्रसङ्ग उल्लेख छ। त्यो थाहा पाएका काशीक्षेत्रका भगवान् विष्णुले देवतासंग युद्धरत जालन्धरीकी पत्नी वृन्दाको शतित्व डगाएको कथा प्रचलित छ । जालन्धर राजा पत्नीको पतिब्रता भङ्ग भएपछि युद्धक्षेत्रमा मारिएको हुनाले पतियोगिनी वृन्दाले बिष्णुलाई विभिन्न श्राप गरिन्। बद्री केदार खण्डका जालन्धर राजा कहीं उही किरातवंशी जालन्धर भनिने गरेको रहेछ कि भन्ने अड्कल गरिएको छ। किरात साम्राज्य र मगरराज्यको शक्ति प्राचीनकालमा कर्णाली प्रदेशमा पनि रहेछ कि भनी खोजी गर्नुपर्ने विषय भएको छ । मगर राज्य सिमाना काश्मिरसंग ठोक्किएको कुरा काश्मिरको इतिहासले केही संकेत गर्दछ। यसरी हेर्दा जालन्धरी राजा दैत्यवंशीय शासक भनी हिन्दू पुराणले उल्लेख गर्दछ।

कर्णाली प्रदेशको इतिहास अन्वेषण गर्ने क्रममा तिथि मिति उल्लेख नपरेका जालन्धरी राजाको वर्णन त्यताको लोक इतिहासमा अत्यन्तै प्रचलित रहेको छ । भनिन्छ, जालन्धरी राजाको पालामा नै विजय मन्दिर नामक राजदरबारको निर्माण भएको थियो । त्यही प्राङ्गणभित्र भगवती कनका सुन्दरीको चार ढोका, चार चोक, चार तले, चार बूर्जा, चार गजूर भएको विशाल मन्दिर थियो । सिंजाका मानिसहरूमा कुनै पुरानो वस्तु भन्नु परेमा "जालन्धरीका पालाँ" भन्ने चलन यद्यपि छ। कर्णाली प्रदेशका खसराज्य संस्थापकका उत्तराधिकारी राजा पृथ्वीमल्ल पछि जालन्धरी भएको कुरा प्रकाशमा आएको छ ।[३] ती जालन्धरी राजाका पालामा भोट तिब्बतबाट एक चटकी लामा आए, जसले जालन्धरी राजाका भन्दा बढी टुनामुना जानेको हुनाले जुम्ला राज्य ध्वस्त गरे। ती लामाको नाम छिछिम लामा भएको कुरा कर्णाली संस्कृतिबाट बुझिन्छ।[४] जुम्लामा प्राप्त स्थानीय वंशावलीमा समेत जालन्धरी राजाको नाम उल्लेख छ।[५] त्यस्तै दुल्लूको दुलाल वंशावलीमा पनि जालन्धरीको अस्तित्व छ।[६]

जुम्लेश्वर वंशावलीको आधारबाट हेर्दा जालन्धरी राजा सिंजा लामाथाडामा राजधानी बनाई राज्य गरेको कुरा बझिन्छ। भनिन्छ, उनी कडा शिलाको चेपबाट पैदा भएका थिए । उनकी पत्नी वृन्दा एक सुलक्षणा र सुन्दरी नारी थिइन्। त्यही लक्षणबाट लोकले उनलाई देवी झैं सम्मान गर्दथे । जालन्धरी राजा पराक्रमी र पुरुषार्थी हुनाले चीनबाट पनि सिर्तो (कर) उठाउँथे। तर उनका कुनै सन्तान थिएनन्। जालन्धरी राजाको सेवा भैरिमल्ल भन्ने व्यक्तिले इमान्दारीपूर्वक गरेको हुनाले निजलाई आफ्नो शेषपछि पूरै राज्य दिने निर्णय गरे । त्यो उपमाबाट जालन्धरी राजा भैरव देवताका उपासक रहेको बुझिन्छ। त्यसका साथै कनका सुन्दरी, त्रिपुरा सुन्दरी, पाटेश्वरी देवीको साक्षात् दर्शन पाउने जालन्धरी राजा नै थिए। उनले ती देवीहरूका वेग्लावेग्लै ठाउँमा स्थापना गराई नित्यपूजा चलाउने

जिम्मा पनि भैरिमल्ललाई सुम्पेका थिए। भैरिमल्ललाई सबै वाचाबन्धन गराएपछि जालन्धरी राजा बृद्ध भएपछि शेष जीवन तपस्या गरी बिताउने भनी बद्रीनाथ आश्रयतिर गए भन्ने वर्णन प्रकाशित छ ।[७]

कर्णाली प्रदेशमा जालन्धरी राजालाई अवतारी राजा पनि भनिएको छ। उनका बाबु शिला भएको कुरा माथि उल्लेख गरियो तापनि उनलाई नारायण भनिन्थ्यो । ती नारायणले विकट तपस्या गरी सिद्धि पाएका थिए । नारायणका बराज्यू रत्नज्योतिले लङ्कासम्मका राज्यहरूलाई आफ्नो वशमा पारेका थिए । त्यस्ता उन्नत कुलमा पैदा भएका जालन्धरी राजाका वृन्दा र कालिका नामक सुन्दरी रानीहरू थिए जो जुम्ली राजाका सुकुमारीहरू थिए। राजा जालन्धरीको व्यवहार अत्यन्त नम्र र शिष्ट थियो । त्यसैले उनी प्रजाका अति प्रिय शासक हुन सके ।[८]

जालन्धरी राजा त्रिपुरा सुन्दरी र कनक सुन्दरीका भक्त भएको कुरा माथि भनियो। ती प्रख्यात मन्दिरका संस्थापक जालन्धर राजा मानिन्छन्। यद्यपि उनको राज्यकालबारे निश्चित गर्न मिल्ने ठोस आधारहरू पाइएका छैनन् । प्रत्येक वर्णनबाट खोजी गर्दै जाँदा कर्णाली प्रदेशका राजा मलैवम्म वि.सं. १४३५ मा जुम्लाका राजा भएका थिए ।[९] उनीभन्दा एघारौं पुस्ता अगाडि जुम्लामा जालन्धरी राजाको अस्तित्व रहेको बुझिन्छ। त्यो कुरा वंशावलीका श्रोतहरूबाट मात्र पुष्टि हुन्छ। स्पष्ट श्रोतको अभाव हुनाले इतिहास निर्माण गर्ने क्रममा एक शासकको राज्यकाल २५ वर्ष अनुमान गर्ने परम्परा छ । त्यसकारण २५X११=२७५, १४३५-२७५=११६० वि.सं.ताका जालन्धरी राजाको अनुमानित राज्यकाल देखिन आउँछ । त्यसरी हेर्दा ११५० देखि १२०० वि. सं. को अन्तरालमा राज्य गर्ने जुम्ली राजालाई जालन्धरी भन्न सकिने स्थिति हुनाले त्यस ताकाको कर्णाली प्रदेशको इतिहासपट्टि ध्यान पुऱ्याऔं ।

इशाको बाह्रौं शताब्दी वा ११०० ई. (११५९ वि.सं.) तिर पश्चिम नेपालको कर्णाली प्रदेशमा खारी प्रदेश (पश्चिम तिब्बतबाट) कुनै कारणबाट दक्षिणतर्फ झरी जावेश्वरमा राज्य स्थापना गरे । त्यसरी नयाँ क्षेत्रमा राज्य स्थापना गर्ने व्यक्ति थिए नागराज ।[१०] वि.सं. ११५७ तिर नागराज खारी प्रदेशबाट दक्षिणतिर लागेका थिए। त्यसै समयमा जुम्ला भेकमा जालन्धरी राजाको अस्तित्व रहेको बुझिन्छ । जालन्धरी राजा जुम्लामा राज्य गरेको बेलामा तिब्बतमा साधनारत् छिछिम लामा राजा नागराजको मन्त्रणाले जालन्धरी राजाको दरबारमा प्रवेश गरी त्यहाँको वास्तविक स्थिति बुझे। अनि मौका हेरी त्यहाँ विघ्न गराई राज्यलाई नष्ट पारी नागराजको राज्य स्थापना गराए। त्यसरी विचार गर्दा जालन्धरी राजा भन्नाले पालवंशीय शासक भएको अड्कल गर्नु पर्ने हुन्छ । किनभने जुम्लामा खस मल्लहरूको आगमनपूर्व पाल राजाहरूको शासन रहेको कुरा दुल्लूको कीर्तिस्तम्भमा उल्लेख छ। जालन्धरी राजा वैदिक आर्य एवं पालवंशीय भएको बुझिन्छ । तर दुल्लूस्थित कीर्तिस्तम्भमा स्पष्टसंग जालन्धरी राजाको नाउँ छैन । राजा जयपाल पछिका राजाको नाउँ पुण्यमल्ल हो। जीवपाललाई जालन्धारी मान्न सकिने आधार पनि छैन । जालन्धरी राजा नागराजभन्दा अगाडिका देखिंदा तारतम्य मिल्न कठिन परेको हो। जालन्धरी हिन्दू नाम हो। कनफट्टा योगी सम्प्रदायमा गुरू गोरखनाथ लगायतका चौरासी सिद्धमध्ये जालन्धरनाथ वा जालन्धरपा नामका सिद्ध योगीको नाउँ पनि उल्लेख छ । जालन्धरपा चौरासी सिद्धमध्ये छयालिसौं क्रममा पर्दछन् जो आदिनाथका शिष्य थिए ।[११]

उपर्युक्त कुरालाई पुष्टि गर्ने एक लोक इतिहासको श्रोत उपलब्ध भएको छ। जुम्लाका कल्याल

राजा बलिराजले जालन्धरी जस्ता बलिष्ठ राजाहरूलाई पराजित गरी ठूलो कीर्ति आर्जन गरेको कुरा कल्यालहरूको वंशावलीमा छ । त्यस कुराले जालन्धरी भनेपछि खसमल्ल राजाहरूलाई संकेत गरेको देखिन्छ । त्यस विषयमा एक लेखकले जुम्लामा बडाराजा जालन्धरी भएको कुरा उल्लेख गर्दै क्षत्रीय राजा वलिले सिंजापति राजाहरूलाई युद्धमा पराजित गर्दै आफ्नो राज्य कायम गरेको कुरा पनि प्रकाशन गरेका छन् । त्यसरी विचार गर्दा कल्याल राजा बलिराजले त मलैवम्म र मेदीनिवम्मको जुम्ला राज्य हात पारेका थिए । कल्यालको वंशावलीमा बलिराजले जालन्धरीलाई जुम्लाबाट जितेको भन्ने उल्लेख हुँदा कहिं मलैवम्म र मेदीनिवम्मलाई नै जालन्धरी भनेको त होइन ? भन्ने शंका उठ्न जान्छ । त्यसो भए जालन्धरी राजालाई वलिराजले पराजित गरेका थिएनन् । त्यसरी विचार गर्दा वलिराजले जालन्धरी राजालाई पराजित नगरेका भए कल्याल वंशावली मिथ्या सावित हुने भयो । अर्को पक्षबाट विचार गर्दा खस मल्लवंशका अन्तिम राजा अभयमल्ललाई जालन्धरी भनिएको होला, जसलाई मलैवम्मले बलिराजको सहयोग लिई पराजित गरेका थिए । अभयमल्ल नागराज र पालवंश दुवैका साझा सन्तान मानिन्छन्, उनलाई जालन्धरी भनिएको भए त्यो पनि स्पष्ट हुन सकेको छैन ।

भेरी अञ्चलको दुल्लू दैलेखमा प्राकृतिक वाष्प र ज्वालाक्षेत्र छ जहाँ भूगर्भभित्र प्राकृतिक ज्वलनशील वाष्प सञ्चित भएको ठानिन्छ । मुक्तिनाथ मुस्ताङ्गमा पनि आगो बलेको पानी बग्दछ वा पानीमाथि ज्वाला छ । त्यस्ता प्राकृतिक ज्वालालाई ज्वालामाई, वैश्वानर ज्वाला क्षेत्र वा ज्वालाजी क्षेत्र भनिन्छ । दुल्लूका ज्वालाहरूमा शीरस्थान, नाभिस्थान, पादुकास्थान, धूलेश्वर र डुङ्गेश्वर गरी पञ्च ज्वाला रहेकोले वैश्वानर पञ्चज्वाला माहात्म्य भनिन्छ । त्यो पञ्चज्वाला क्षेत्रमा शासन गरी बस्ने राजालाई ज्वालन्धरी वा जालन्धरी भनिएको हुँदा पनि दुल्लू क्षेत्रले जालन्धरको स्मरण गराउँछ । जालन्धरी राजा समुद्रवंशी थिए । स्कन्दपुराणले पनि वैश्वानर क्षेत्रको प्रशंसा गरेको छ । दुल्लूक्षेत्रलाई प्राकृत वन्हिक्षेत्र भन्दै त्यहाँ तीर्थाटन गर्नेलाई प्रशस्त पुण्य प्राप्त हुने कुरा पुराणले निर्देशन गरेको छ ।[१४] त्यसकारण दुल्लूका पाँचौटा ज्वाला प्रस्फुटित क्षेत्रलाई पञ्चकोशी वैश्वानर पावन क्षेत्र भनेको हो ।[१५]

एक विद्वान्ले खसमल्ल राजा अशोकचल्लका कान्छा छोरा जितारीमल्लका भाइ भएका र उनलाई जालन्धरी मल्ल भनिन्थ्यो भनेका छन् । त्यसको प्रमाणस्वरूप कालीकोट जिल्ला थिर्पु गाउँका सर्वासिंहवमसंग रहेको वंशावलीमा उल्लेख गरिएको छ, तापनि त्यो वंशावली प्रकाशमा आएको छैन ।[१६] त्यही भनाइबाट राजा जालन्धरीका पालामा जुम्ला नष्ट भ्रष्ट भएको र रिपुमल्लका पालामा राज्यको पुनर्निर्माण भएको भन्ने बुझिन्छ । जालन्धरी आफैं राजा नभई राजाका भाइ भएको कुरा माथि लेखियो जो विवादस्पद जस्तो लागेको छ । दुल्लूको कीर्तिस्तम्भमा राजा अशोकचल्लका दुई छोरा भएका र ती दुईको नाउँ जितारीमल्ल र आनन्दमल्ल भएको कुरा छ । माथिको भनाइलाई विचार गर्दा आनन्दमल्ललाई जालन्धरी भन्ने ठोस्र आधार मिलेको छैन ।

माथि बयान गरेजस्तै दुल्लूको पञ्चज्वाला क्षेत्रमा राज्य गर्ने पहिला र प्रामाणिक राजा नागराज हुनाले त्यही वंशलाई जालन्धरी भनेको कुरा पनि बुझिन्छ । तसर्थ जालन्धरी कुनै एकमात्र राजाको नाउँ रहेको कुरा विश्वासलाग्दो पनि देखिन्न । राजा नागराजले खारी प्रदेशबाट आफ्नो सैनिक बलले प्रदेशहरू दखल गर्दै जावेश्वर क्षेत्रमा उनले अधिकरण गरेको कुरा प्रमाणित भएको छ तर दुल्लू वैश्वानर क्षेत्रमा उनले अधिकरण गरेको प्रमाण मिलेको छैन । बरू

राजा अशोकचल्लको सपादलक्ष शिखरि साम्राज्य खडा गर्नुका साथै आफ्नो बलिष्ठ सेना सर्वगामिनिवाहिनी नामक संगठन अत्यन्तै विजिज्ञिषु रहेको पाइन्छ। उनका अभिलेखहरू दुल्लू क्षेत्रमा मात्र सीमित नभई गढवाल, बोधगया, कुमाउँ जस्ता ठाउँमा पनि पाइन्छन् । खसमल्ल राजा अशोकचल्लले त्यो साम्राज्यको चरम विस्तार गरेका थिए। उनका बाबु क्राचल्लले कुमाउँसम्म मात्र विजय गरेकोमा उनले अझ राज्य विस्तार गरी दिएर गढवाल टिहरीसम्म पुऱ्याइदिए । त्यो कुरा कुमाउका राजा पुरुषोत्तमसिंहको वालेश्वर महादेवको मन्दिरमा प्राप्त अशोकचल्लको स्तूतिवचनले पुष्टि गर्दछ । तसर्थ जालन्धरी राजा भनी अशोकचल्ललाई लिन सकिने पर्याप्त प्रमाणहरू जुटेका छन् । राजा क्राचल्लले वि.सं. १२६०-१२८०सम्म राजा अशोकचल्लले वि.सं. १३१२-१३३५सम्म राज्य गरेको प्रमाणित भएको छ ।[१७]

कर्णाली प्रदेशका खस मल्ल राजाहरू बुद्ध धर्मलाई पनि श्रद्धा गर्ने हुँदा राजा जालन्धरीका समयमा तिब्बत तर्फबाट भिक्षु र लामाहरू बेलाबेलामा सिजा दरबारमा भ्रमण गरी बस्तथे । त्यो परम्परा कल्याल राजा वत्सराजाको राज्यकालसम्म कायमै थियो । तर वत्सराजाले बुद्धगुम्बाहरू जीर्णोद्धार गर्न छोडेका कुरामा तिब्बती लामाहरूले गुनासो गरेका थिए । खसमल्ल राजाहरूले ११५० देखि १४१५ वि.सं. सम्म कर्णाली प्रदेशमा दखल गरेका थिए । त्यसपछि भने कर्णाली प्रदेशमा बाइसी राज्यहरू उत्पन्न भए। त्यही अन्तरालमा जुम्लामा वलिराजाको राज्य स्थापना भयो । उनले जालन्धरी राजालाई पराजित गरी बुद्ध, धर्म र संघलाई उपेक्षा गरेको कुरा तिब्बती श्रोतले बताएको छ । जालन्धरी वा समुद्रवंश भन्नुको तात्पर्य एउटै रहेको कुरा राजा आदित्य मल्लको वि.सं. १३७८ को ताम्रपत्रमा उनलाई समुद्रवंशी भनी उल्लेख गरिएबाट त्यो कुरामा पुष्टि मिल्दछ।[१८] सुमद्रवंशी भन्नु र जालन्धरी भन्नुमा कुनै समान कुराको निर्देशन हुन सक्दछ । त्यसो हुँदा जालन्धरी राजाले वि.सं. १३१२ देखि १४१५ सम्म राज्य गरेको लक्षित हुन्छ। जालन्धरीको अर्थ जल-ज्वालासंग सम्बन्धित राजवंश वा वैश्वानर क्षेत्रका शासक भन्ने आधार पनि मिलेको छ ।

माथि उल्लेख गरे अनुसार राजा मलैवम्मलाई जालन्धरी वंशीय मान्न सकिने आधार पुगेन । उनका पूर्ववर्ती शासकलाई कुनैले पराजित गरेमा नयाँ शासकले आफ्नो इज्जत स्वरूप पराजित राजाको थर विजयी राजाले लिने चलन थियो । खारी प्रदेशबाट जावेश्वर एवं ज्वालाजी क्षेत्रका जालन्धरी राजाहरूलाई पराजित गरी खसमल्लको शासन स्थापना गरेकोले त्यो वंशलाई पनि जालन्धरी नै भनियो। जालन्धरी राजालाई पराजित गर्नको निम्ति नागराजले भोटबाट एक लामा सिजामा पठाउन सक्ने कुरा माथि पनि निर्देश गरियो। उनै लामाको अध्ययन पछि सिंजा लामाथाडा हल्लियो र तिब्बती सेनाले एक्कासी आक्रमण गऱ्यो । जुम्लामा "सिउ बाघ गर्जायौं लामाथाडा हल्लायौं" भन्ने उखान प्रचलित छँदै छ। त्यसपछि पालराज्य ज्वालाजी क्षेत्रमा समाप्त भई त्यसका वंशजहरू लेकगेला र औलगेलामा आत्मरक्षा गर्न खुम्चिएर बसेको अनुमान गर्न थालिएको छ ।

नागराजद्वारा स्थापित खसमल्ल राजाहरूको शासन क्रम आदित्यमल्लका पालामा टुट्न गएकोले उनले गेलामा बसोबास गरेका पालवंशीय पुण्यपाललाई राजा आदित्यमल्लले आफ्नी छोरी शकुनामालाको विवाह गरिदिएका कारणबाट पुण्यमल्ल भन्ने नामबाट जुम्लाका शासक भएका थिए। त्यसरी नागराजवंशीय शासकहरूको राज्यमा राजा भएकाले पुण्यपालले गौरवसाथ पुण्यमल्ल लेखे । उनै पुण्यमल्लका सन्तति अभयमल्ललाई मलैवम्म र कल्यालका पूर्खा वलिराजले

हटाएका र आफ्नो राज्य स्थापना गरेका हुनाले जालन्धरी राजालाई जितेको भनी गौरवसाथ लेखेको पाइन्छ। अर्को कुरा, राजा मलैवम्मको वंशलाई जालन्धर वंश भन्नुको तात्पर्य स्पष्ट भएको छैन । वम्म वा वर्मावंशीय शासकहरूले पहिले खसमल्ल राजाका महामन्त्री भएर कार्य गरेको कुरा यशोवर्माको विभिन्न अभिलेखमा उल्लेख भएको पाइन्छ। त्यो वर्मा वंश पनि जालन्धरी वंशसंग सम्बन्धित रहेको हुँदा पछिका शासकले उनीहरूलाई जालन्धरी भनेको हुन सक्तछ, तापनि त्यसलाई पुष्टि गर्ने आधार पाइएको छैन । अर्को कुरा, राजा मलैवम्मले ज्वालाजी प्रदेशलाई पनि आफ्नो राज्यमा मिलाएका हुनाले उनलाई त्यही आधारबाट जालन्धरी भनिएको होस् । उनका छोरा मेदीनिवम्म वा जगतिसिंहले जाजरकोट र सुमेरूवम्मले दैलेखमा राज्यस्थापना गरेको कुरा स्पष्ट भएको छ।[१९] त्यसो हुनाले खसमल्ल वंशलाई नै जालन्धरी नभनी मलयवम्म र पालवंशीय गेलाल शासकहरूलाई जालन्धरी भन्न मिल्ने स्थिति छ। किनभने मलैवम्मको पुस्तावलीमा जालन्धरीको नाउँ पनि भेटिएको छ। जालन्धरी राजाले भैरीमल्ललाई राज्य दिएको र त्यही वंशका मलैवम्म भएको कुराले पुष्टि गरेको छ ।

जुम्लाको सिंजाखोला उपत्यकामा जालन्धरी राजाको ठूलो इज्जत छ। उनैले कर्णाली क्षेत्रका प्राचीन मन्दिरहरू निर्माण र पूजाको व्यवस्था गरेको कुरा पनि छ । सिंजा खोलाका ठकुरीहरूका बाजेलाई जालन्धरी भनिंदै छ। खसमल्ल राजालाई जालन्धरी भनिंदैन बरू पृथ्वीमल्ल पछि जालन्धरी भएको कुरा प्रचलित छ । आदित्यवंश, गेलावंश र नागराजका वंशले स्पष्टसंग जालन्धरी लेखेको पाइन्न। मलैवम्मको वंशावलीमा १० पुस्ता वा १२ पुस्ता पहिले स्पष्टसंग जालन्धरीको उल्लेख छ। खसमल्ल राजा नागराजदेखि अन्तिम पुरुष प्रतापमल्लसम्मका राजाले नाहन-जालन्धर क्षेत्रलाई वशमा पारेकाले जालन्धरी राजा भन्दैनन् ।[२०] जालन्धरीलाई गोसाईंदेव पनि भनेको हुँदा उनी राजकुमार रहेको संकेत पनि मिल्दछ ।[२१] त्यसैले जालन्धरी शब्द सबै राजकुमारलाई सम्बोधन गरिने पर्यावाचीका रूपमा रहेको बुझिन्छ। त्यसै रीतले त्यो जालन्धर, ज्वालाजी, वैश्वानर पञ्चज्वाला क्षेत्रका राजालाई पनि जालन्धरी भनेको छ। अर्कोतिर उपर्युक्त क्षेत्रमा युगौंदेखि तपस्या गरी बस्ने ठूला सिद्ध, सन्त, महन्त, अघोरी, कनफट्टा, फक्कड, फकेडा, नागा, बैरागी तथा उदाशहरूलाई एकै शब्दले पुकारिन्थ्यो- "जालन्धरी महाराज" । जालन्धरीको अर्को अर्थ सांसारिक मायाको जञ्जाललाई काट्ने र मोक्षको मार्गमा अग्रणी हुने पात्रलाई जनाउने हुन्छ। राजालाई राजा मात्र भनिन्छ भने योगीलाई महाराजा भनिन्छ र उनीहरूको उपदेश राजाहरूले लिने गर्थे ।

## टिपोट


१. जनकलाल शर्मा, **हाम्रो समाज एक अध्ययन** (काठमाडौं: साझा प्रकाशन, २०३९), पृष्ठ ४६ ।

२. **ऐजन,** पृष्ठ, २७८ ।

३. सत्यमोहन जोशी, **कर्णाली लोक संस्कृति,** इतिहास (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०२८), पृष्ठ, ८१-८२ ।

४. प्रदिप रिमाल, **कर्णाली लोक संस्कृति,** साहित्य (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०२८), पृष्ठ ६०-६१।

५. जुजेप टुची, **प्रिलिमिनरी रिपोर्ट अन् टु साइन्टिफिक एक्सपिडिसन्स इन नेपाल** (रोम: आई.एम्. ओ. १९५६ई.) , पृष्ठ १२१-१२६ ।

६. योगी नरहरिनाथ, **इतिहास प्रकाश** (काठमाडौं: इतिहास प्रकाशक मण्डल, २०१०), पृष्ठ ६९ ।

७. **ऐजन**, पृष्ठ १०७।

८. रामनिवास पाण्डे, **सम यास्प्याक्टस् अफ हिष्ट्री याण्ड कल्चर अफ वेष्टर्न नेपाल** (काठमाडौं : अप्रकाशित विद्यावारिधि शोधपत्र, ई.१९८३) पृष्ठ ३१२ ।
९. सूर्यमणि अधिकारी, **द खस किडम** (जयपुर : निराला पब्लिकेशन, १९८८ ई.), पृष्ठ, XXXV,
१०. **ऐजन,** पृष्ठ, २७-२८ ।
११. हजारीप्रसाद द्विवेदी, **नाथ सम्प्रदाय** (इलाहवाद: हिन्दूस्थान एकेडेमी, १९५० ई.), पृष्ठ, १४-५३ ।
१२. नरभूपाल शाह, **कल्याल वंशावली** (काशी: लोकजंव. शाह, २०१३), पृष्ठ ७ ।
१३. टुची, **पूर्ववत्**, टिप्पणी ५, पृष्ठ १२१, १२६ ।
१४. महन्त भरपुरनाथ, **ज्वालाजी माहात्म्य**, (काठमाडौं: भरपुरनाथ, १९७९ वि.सं.), पृष्ठ १३ ।
१५. योगी नरहरिनाथ, **इतिहास प्रकाश**, २:१ (काठमाडौं: इ.प्र.संघ, २०१३) पृष्ठ ३९ ।
१६. पूर्णप्रकाश नेपाल, **भेरी लोक साहित्य**, (काठमाडौं: ने.रा.प्र.प्रतिष्ठान, २०४१), पृष्ठ २२० ।
१७. अधिकारी, **पूर्ववत्** , टिप्पणी ९, पृष्ठ ३७ ।
१८. राजाराम सुवेदी, **"कर्णाली प्रदेशका राजा आदित्यमल्लको शाके १२३८ को ताम्रपत्र"** सि. एन्. ए. एस्. जर्नल, भोल.११, नं.३ (२०४१) पृष्ठ १२७ ।
१९. अधिकारी, **पूर्ववत्** , टिप्पणी ९, पृष्ठ ५६ ।
२०. नेपाल, **पूर्ववत्** , टिप्पणी १६, पृष्ठ २२३ ।
२१. **ऐजन**, पृष्ठ २४२-२४३ ।